# अपिहिमाल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदुरपश्चिम प्रदेश नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति २०७६/७/१०

# तानसेन(न्रिरज)युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६

# कार्यविधि

## तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६

युवा तथा साना व्यवसायीहरुलाई स्वरोजगार बनाउने उदेश्यले तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६ बनाएको छ ।

### परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रम सचालन कार्यविधि २०७६ रहेको छ ।

(ख) यो कार्यविधि अपीहिमाल गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु गरिने छ ।

### परिच्छेद २

### परिभाषा

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "कार्यविधि" भन्नाले तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६ सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६ को संचालक समिति सम्झनु पर्दछ ।

(ग) बेरोजगार भन्नाले शिक्षित तथा अशिक्षि युवा तथा युवतीहरु कुनै पनि पेशा व्यवसाय तथा आय आर्जन गर्ने काममा संलग्न नभएको व्याक्ति सम्झनु पर्दछ ।

(घ) 'अनुदान' भन्नाले तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६ ले अपीहिमालका युवा उधमीहरुलाई कार्यविधि अनुसार छनौट गरी प्रदान गर्ने व्यवसायीक अनुदान रकम सम्झनु पर्दछ ।

(ङ) परियोजना वा प्रस्ताव भन्नाले तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६ बाट लिने अनुदान र आफनो रकम समेत लगानी गरी कुनै व्यवसाय संचालन गर्न तयार गरिएको प्रस्ताव र सो संग सम्बन्धीत चल अचल सम्पति समेत चुझनु पर्दछ ।

(च) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनुपर्नेछ ।

(छ) "समिति"भन्नाले दफा ६ बमोजिमको गठन भएको संचालक समिति सम्झनु पर्दछ।

(ज) "सहकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम गाउँपालिकामा दर्ता भएका सहकारी संस्था सम्झनु पर्दछ।

(झ) "बैङ्क तथा बित्तिय संस्था"भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका बित्तिय संस्था सम्झनु पर्दछ ।

(ञ) तोके वा तोकिए बमोजिम भन्नाले कार्यविधिले तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

### परिच्छेद ३

लगानीका आधारहरु

३. कुनै पनि व्यक्ति वा संस्थाले समितिसंग रकम माग गर्दा देहायका कागजात तथा विवरण पेश गर्नु पर्दछ ।

(क) संस्था दर्ता प्रमाणपत्र प्रबन्धपत्र नियमावली तथा संचालन समितिको पुरा विवरण ।

(ख) लेखा परिक्षण प्रतिवेदन ।

(ग) लेखापरिक्षण सम्पन्न भएको पहिलो आर्थिक वर्षको को विवरण ।

(घ) संस्था वा समुहको पूंजी संरचना , निक्षेप तथा पुंजि कोष विवरण ।

(ङ) लगानी सम्झौताको सर्त अनुसार बेरोजगारहरुलाइ लगानी गरेको विवरण ।

(च) व्यक्तिगत वा संस्थागत वा समूहगत भए संचालकहरुले युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रममा भागलिन गरेको अनुदानको प्रास्ताव सहितको विवरण ।

(छ) कुनै परम्परागत सीप दक्षता वा क्षमता भएमा व्यक्तिभए उक्त सीप प्रमाणीत हुने कागज पेश गर्नु पर्ने छ ।

(ज) माथी जुनसुकै कुरा उल्लेखभए पनि पहिलो वर्षको लगानी गर्दा स्थानीय तहको सम्बन्धीत विभागमा दर्ता भएका व्यक्तिगत तथा समुहगत फर्म वा व्यवसायीहरुले गाउपालिकाले प्रदान गरेको व्यवसायी प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

४. व्यक्ति,समुह तथा संस्थाहरु संग सम्झौताका लागि समितिले समयमा प्रस्ताव आव्हान गर्ने छ । उक्त आव्हानको आधारमा पेश आएमा प्रस्ताव उपर निम्न अनुसारको विवरण र नीतिमा आधारित भै अनुदान रकम निकासा र सम्झौता हुने छ ।

(क) माथी बुदा न.(३) मा उल्लेखित विवरणहरु ।

(ख) यस अघिका प्रस्ताव अनुसार निकासा भएको रकमको सदुपयोग र सर्तहरु पूर्णरुपमा पालना भएको विवरण ।

(ग) स्विकृत प्रस्तावलाई समितिबाट लगानी निकासा गर्दा प्रथम किस्तामा सम्झौता रकमको ६० प्रतिश र दोस्रो किस्तामा ४० प्रतिश निकासा गरिने छ । दोस्रो किस्ता निकासा गर्दा पहिलो किस्ताको लगानी बिवरण पेश गर्नु को साथै सम्पुर्ण रकमको फरफारक समेत गर्नु पर्ने छ ।

परिच्छेद ४

(क) व्यक्ति वा समुहको हकमा गाउपालिकाले छनौट गरेका स्वयम सेवकहरु ,सहिद परिवार , अपाङ्ग,महिला,दलित, जनजाति,पूर्व जनमुक्ती सेना लाइ प्रस्ताव स्वीकृतिमा विशेष प्राथमिकता दिइने छ ।

(ख) गाउपालिकाको अर्थतन्त्रलाइ महत्वपूर्ण योगदान पु-याउने खालका स्थानिया उत्पादन मा आत्मनिर्भता ल्याउने खालका प्रस्तावहरु उपर समितिले विशेष निर्णय गर्न सक्ने छ ।

परिच्छेद ५

अनुदान रकम लगानी सम्बन्धि प्रकृयागत व्यवस्था

(क) बैंक वितीय संस्था,तथा सहकारीले अनुदान रकम प्राप्त गर्न अनुसूची (१) बमोजिम विवरण पेश गर्नु पर्ने छ ।

(ख) व्यक्ति तथा समुहले अनुसूची (२) बमोजिम विवरण पेश गर्नु पर्ने छ ।

(ग) समितिमा प्राप्त प्रस्तावहरु छनौट गर्न समितिले एक मुल्याङ्न समिति गठन गर्ने छ । मुल्याङ्न समितिले आवश्यता अनुसार विशेषज्ञहरुलाई समेत समावेस गर्न सक्ने छ ।

(घ) व्यक्ति ,समुह,बैंक वितीय संस्था ,तथा सहकारीलाई अनुदान उपलब्ध गराउने भन्ने निर्णय गर्ने अधिकार समिति संग सुरक्षित रहने छ ।

परिच्छेद ६

**तानसेन(निरज)युवा स्वरोजगार कार्यक्रमको उदेश्य   कार्यक्रमको उदेश्य देहायबमोजिम हुनेछ ।**

क) व्यवसायिक खेती तथा पशुपालन,कृषि,वनजन्य तथा खानी उद्योग लगायत सीपमूलक तालिम प्रदान गर्ने ।

ख) विभिन्न घरेलु तथा साना उद्योग व्यापार व्यवसाय एवं पसल संचालन लगायत सेवा मूलक स्वरोजगार कार्यक्रमको लागि अनुदान उपलब्ध गराउने ।

ग) परम्परागत सीप भएका दलितहरु लगायत अन्यहरुलाई अनुदान रकम लगानी गर्ने ।

घ)स्वरोजगार कार्यक्रम सञ्चालन गर्न बेरोजगारहरुलाई तालिम प्रदान गर्ने ।

ङ)स्थानिय कृषि तथा बनजन्य उत्पादनमा अनुदान रकम लगानी गर्ने

च)एक गाउँ एक उत्पादन कार्यक्रममा अनुदान रकम लगानी गर्ने ।

छ) समितिको कार्य सञ्चालनको लागि अन्य निकाय संग सहकार्य गर्ने ।

ज)बैंक,बित्तिय संस्था तथा सहकारी संस्था मार्फत युवा स्वरोजगार कार्यक्रममा लगानी गर्ने ।

**५.कार्यक्रमको अनुदान रकम** : अनुदान रकमको प्रयोग देहायबमोजिमको कार्यमा हुनेछ ।

क)कार्यक्रमको उदेश्य अनुसार कार्य गर्ने व्यक्तिलाई सहुलियत अनुदान स्वरुप विना धितो १ लाख सम्म अनुदान उपलब्ध गराउन सकिने छ ।

ख) कार्यक्रमको उदेश्य अनुसार कार्य गर्ने व्यक्तिहरुले गठन गरेको समुहमा प्रतिव्यक्ति १ लाख नबढ्ने गरि बिना धितो १५ लाख सम्म सहुलियतमा अनुदान उपलब्ध गराउने।

ग) कार्यक्रमको उदेश्य अनसार कार्य गर्ने व्यक्तिहरुलाई बैंक,बित्तय संस्था तथा सहकारी संस्था बाट सहुलियत ब्याजदरमा विना धितो १ लाख सम्म आवधिक ऋण तथा अनुदान उपलब्ध गराउने।

च)बेरोजगारहरुलाई आवश्यक तालिम उपलब्ध गराउने ।

परिच्छेद ७

## समितिको गठन,काम-कर्तब्य र अधिकार

**६.समितिको गठन** : कार्यक्रम संचालन, अनुगमन गर्न देहाय बमोजिमको एक संचालक समिति रहनेछ ।

(१) गा.पा.उपाध्यक्ष —अध्यक्ष

(२) प्रधानमन्त्री रोजगार कार्याक्रमका संयोजक—सदस्य सचिव

(३)कृषि /भेटेरीनरी शाखा प्रमख – २ सदस्य

(४)उद्योग वाणिज्य संघको अध्यक्ष– सदस्य

(५)स्वरोजगार युवा व्यवसायी मध्येबाट समितिले छनौट गरेको १ जना —सदस्य

**७.समितिको बैठक** :

(१)समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२)समितिको बैठक अध्यक्षले तोकेको मिति,स्थान र समयमा बस्नेछ ।

(३)समितिको बैठकमा छलफल हुने बिषय सदस्य सचिवले लिखित वा मौखिक रुपमा सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४)समितिको बैठकमा समितिका बहुमत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(५)समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(६)समितिको बैठकको निर्णय बैठकमा सदस्यहरुको बहुमतबाट गरिनेछ ।

(७)समितिको बैंठकको निर्णय निर्णय पुस्तिकामा लेखिनेछ ।

(८)समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(९)समितिको बैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निधारण गरे बमोजिम हुनेछ ।

**८.समितिको काम,कर्तब्य र अधिकार** :समितिको काम,कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) स्थानिय तहबाट नगद वा वस्तुगत सहायता स्वीकार गर्ने ।

ख) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम स्वीकार गर्ने ।

ग) अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम स्वीकार गर्ने ।

घ) बेरोजगारहरुलाई स्वरोजगार तर्फ उन्मुख गराउन आवश्यक कार्यक्रम सन्चालन गर्न ।

ङ) सम्वन्धित बैंक बित्तीय संस्था तथा सहकारी संस्थाले स्वरोजगार कार्यक्रम गर्न नियम अनुसार स्वीकृत गरेको ऋण रकम त्यस्तो बैंक बित्तीय संस्था तथा सहकारी संस्थालाई उपलब्ध गराउने ।

च) कार्यक्रमको उदेश्य अनुसारको तालिम कार्यक्रम गर्ने निकाय छनौट गर्ने र सोको लागि आवश्यक व्यवस्थापन गर्ने ।

छ) कार्यक्रमको अनुदान रकम लिई सञ्चालित स्वरोजगार कार्यक्रमको निरिक्षण, अनुगमन र मुल्याङ्कन गर्ने गराउने ।

ज) कार्यकको काम कारवाही सम्बन्धमा अन्य सरकारी तथा गैर सरकारी संस्थाहरु संग समन्वय गर्ने ।

**८.व्यवसाय तालिम दिने संस्था र तालिमको विषय वस्तु :**

(१)व्यवसायिक खेती तथा पशुपालन कृषि तथा वनजन्य उद्योग वा सेवामूलक प्रकारका स्वरोजगार व्यवसाय तालिमका विषय वस्तु हुनेछन ।

(२) उप दफा १ मा उल्लेखित विषयमा तालिम सञ्चालन गर्ने सरकारी गैर सरकारी तथा अन्य संघ संस्था वा तालिम प्रदायक निकायहरुलाई छनौट गरिनेछ ।

(३) उप दफा २ बमोजिम संस्था छनौट गर्दा सकेसम्म स्थानिय स्तरमा निशुल्क रुपमा तालिम गर्न चाहाने संस्थाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

(४) तालिम दिने निकायलाई औचित्यताको आधारमा अनुदान रकम र तालिम सामग्री उपलब्ध गराउने छ ।

(५)उप दफा ३ बमोजिम छनौट भएका तालिम दिने निकायले बेरोजगारहरुलाई उप दफा १ बमोजिमको विषयवस्तुमा व्यवहारिक किसिमको छोटो अवधिको तालिम दिनुपर्नेछ ।

(६)यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बेरोजगारहरुका लागि आवश्यक परियोजना विकास प्रस्ताव तालिम समिति आफैले संचालन गर्नेछ ।

**९.अनुदान रकम लगानी :**

(१)बेरोजगार युवाहरुले स्वरोजगार कार्यक्रम सञ्चालन गर्न आफ्नो कार्य योजना सहित समितिमा निवेदन दिनुपर्नेछ । त्यस्तो निवेदन परेपछि समितले आवश्यक अध्ययन गरि व्यक्तिलाइ बढीमा १ लाख सम्म र समुहलाई बढीमा १५ लाख सम्मको स्वीकृत गर्न सक्नेछ ।

(२)स्वरोजगार कार्यक्रम सञ्चालन गर्न कुनै बैंक वित्तीय संस्था तथा सहकारी संस्थाले कार्ययोजना पेश गरेमा समितिले आवश्यकता हेरी ऋण स्वीकृत गर्न सक्नेछ ।

(३) कुनै व्यक्ति वा समुह र बैंक वित्तीय संस्था तथा सहकारी संस्थालाइ लगानी सम्बन्धि कार्यविधि समितिले बनाउन सक्नेछ ।

## परिच्छेद ८

## समितिले अनुदान रकम वितरण गर्दा अपनाउनु पर्ने प्रकृया

१०. संचालक समितिले अनुदान रकम वितरण गर्दा निम्न अनुसारको प्रकिया अवलम्बन गरी अनुदान रकम वितरण गर्नु पर्ने छ ।

(क) नागरीताको प्रतिलिपि

(ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) परम्परागत तथा अन्य सीप भए त्यसको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) कुनै तालिम लिएको छ भने तालिमको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) सेवा ग्राहीको परिवारको नाममा रहेका चल अचल सम्पतिको पूरा विवरण ।

(छ) अनुदान माग गरेको निवेदन ।

(ज) परियोजना सम्बन्धी प्रस्ताव ।

## परिच्छेद ९

## अनुदान रकम लगानीको अनुगमन सम्बन्धी व्यवस्था

११. यस कार्यविधि अनुसार अनुदान रकम लिने व्यक्ति , समुह ,बैंक वितिय संस्था तथा सहकारी संस्थाहरुको अनुगमन संचालन समिति तथा कर्मचारी वा समितिले तोकेको व्यक्ति वा संस्थाबाट गरिने छ ।

१२.अनुगमनको समयमा कुनै अनियमितता भएको पाइएमा त्यसको कारवाहीको लागी समितिमा सिफारिस गर्न सक्ने छ ।.यसरी अनियमितता भएको पाईएमा नियम अनुसार कार्वाही गर्ने छ ।

**१३.प्रचलित ऐन संग बाझिएमा** : यो कार्यविधि वा यसको कुनै परिच्छेद वा दफा प्रचलित ऐन नियम संग बाझिएमा ,बाझिएको हदसम्म स्वतः खारेज हुनेछ

## अनुसूची १

## निरज तानसेन युवा स्वरोजगार अनुदान रकम माग फाराम

श्री ............................

विषय स्वरोजगार अनुदान रकम उपलब्ध गराई पाउ ।

महोदय,

अपिहिमाल गाउपालिका तानसेन निरज युवा स्वरोगार कार्यविधि २०७६ अनुसार म श्री ............................को छोरा , छोरी श्री............को श्रीमान ,श्रीमती जिल्ला दार्चुला अपिहिमाल गाउपालिका ......वडा बस्ने वर्ष.....को श्री ,श्रीमती ..................हालसम्म कुनै रोजगारी मुलक काममा लाग्न नसकि बेरोजगारी रहेकोले त्यस समितिबाट निम्न व्यवसाय संचालनको लागी क्षेत्रमा उल्लेख भएको योग्यता समेत हासिल गरेकोले मेरो परियोजना प्रस्ताव बमोजिम अनुदान रकम उपलब्ध गराइ सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

१.व्यवसायको नाम ....................................

२.व्यवसाय संचालन गर्ने जिल्ला दार्चुला अपिहिमाल गाउपालिका वार्ड न. ..........टोल,गाउ .......घर नम्बर ....टेलिफोन न. ............

३. व्यवसाय संचालन गर्न मैले ,हामीले निम्न अनुसारको विवरण पेस गरेको छु,छौ ।

(क) नागरिकताको प्रतिलिपि

(ख) शैक्षिक योग्यताको प्रमाणपत्र

(ग) तालिमको प्रमाणपत्र

(घ) परम्परागत सीप छ भने के छ

(ङ) फोटो

(च) परियोजनाको विवरण

(छ) अन्य

४.आफ्नो एकाघरको परिवारको रोजगारीको अवस्था समेत खुल्ने गरी परिवारिक विवरण ,

| नाम | नाता | दर्जा | कामगर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

५.आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पतीको विवरण ।

| नाम | नाता | जग्गाको कित्ता नं. | ठेगाना | क्षेत्रफल | सगोल वा अंशवडा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६.शर्त सुविधा

१ उल्लेखित अनुदान रकम............कार्यमा प्रयोग गर्ने छु ।

२ समितिले तोकेको शर्त मान्न मंजुर छु ।

३ बीमा सम्बन्धी र अनुदान सम्बन्धमा मेरो सहमती छ ।

मैले पेश गरेको उपरोक्त विवरण झुठा ठहरेमा मलाई प्रचलित कानुन बमोजिम कार्वाही गरेमा मेरो मन्जुरी छ भनी माथि उल्लेखित अनुदान रकम प्राप्त गर्नको लागी यो माग फाराम पेश गरेको छु ।

निवेदक

नाम..................................

दस्तखत..................................

# अनुसूची २

१. अनुदान रकम प्राप्त गर्न प्रस्ताव पत्र निम्न ढाचामा [illegible] पर्ने छ ।

(१) परियोजनाको नाम ........................................................

(२) परिचय....................................................................................

(३) उदेश्य ....................................................................................

(४) कुल पुजी (अधिकृत पुजी,चुक्ता पुजी ) स्वलगानी समेत

(५) रोजगारीको संख्या ..............

(६) लगानी योजना ..............

(८) अन्य ........

आज्ञा

नाम : लोकराज जो

प्रमुख प्रशासकीय अधिकृ

अपिहिमाल गाउँपालिका तालमेल नरज युवा स्वरोजगार कार्यविधि